भारतीय राजदूतावास
काठमाडौं
*****

**प्रेस विज्ञप्ति**

भारतीय राजदूतावास, काठमाडौंले आज एक कार्यक्रमको आयोजना गरी अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष-२०२३ मनायो । नेपाल सरकारका माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा.बेदुराम भुसाल उक्त कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो । कार्यक्रममा नेपाल सरकार, खाद्य तथा कृषि सङ्गठन, कृषि उद्योग तथा व्यवसाय र आयुष/चिकित्सा समुदायका प्रतिनिधिहरुको सहभागीता थियो ।

२. कार्यक्रमलाई सम्बोधन गर्दै नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले विशेष गरी भारतको जी-२० अध्यक्षताको सन्दर्भमा भारत सरकारले अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष-२०२३ मनाउन भारत सरकारले लिएको पहलबारे चर्चा गर्नुभयो । वहाँले खाद्य प्रशोधनलाई प्रवर्द्धन गर्न, कोदोजन्य बालीलाई मूल्य श्रृङ्खलामा जोड्न र भारत-नेपाल कृषि सहकार्य विशेष गरी प्राकृतिक खेती र कृषि विश्वविद्यालयबीचको सहकार्यको क्षेत्रमाकाम गर्न भारतले विभिन्न योजनाहरु ल्याएको बताउनुभयो ।

३. माननीय कृषि मन्त्री डा. बेदुराम भुसालले नेपाली कृषि क्षेत्रमा कोदोजन्य बाली वा “श्री अन्न” को महत्वबारे चर्चा गर्दै यस्ता अन्नको प्रवर्द्धन गर्न नेपाल सरकारले गरेका नीतिगत हस्तक्षेपबारे जानकारी दिनुभयो । वहाँले नेपाली जनताको खाद्य सुरक्षा सुनिश्चित गर्ने मुख्य श्रोत कोदोजन्य बाली रहेको बताउँदै पहाडी क्षेत्रमा मकै र कोदोको एकै साथ गरिएको खेतीको स्वागत गर्नुभयो । वहाँले प्राकृतिक खेतीलाई सहकार्यको सम्भावित क्षेत्रका रुपमा पहिचान गर्दै भारत र नेपालबीच कृषिमा थप सहकार्य गर्न आह्वान गर्नुभयो । नेपाल र भुटानका लागि खाद्य तथा कृषि सङ्गठनका प्रतिनिधि केन शिमिजुले अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष २०२३ मा नेपालमा कोदो खेती प्रवर्द्धन गर्न खाद्य तथा कृषि सङ्गठनले लिएका विभिन्न प्रयासबारे प्रकाश पार्नुभयो ।

४. नेपाल आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा. श्यामबाबु यादव र कलेज अफ एप्लाइड फुड एण्ड डेरी टेक्नोलोजी, काठमाडौंका डाइटिसियन एवम् सहप्राध्यापक नानी शोभा शाक्यले आयुष र पोषण विज्ञानको दृष्टिकोणबाट कोदोमा पाइने पौष्टिक तत्वका फाइदाबारे बताउनुभयो । नेपालमा कोदोजन्य बाली निर्यात गर्ने भारतीय कम्पनी ज्याब्सन फुड्सले नेपालमा कोदो बजारको अवस्थाबारे जानकारी गरायो ।

५. कार्यक्रममा छ विभिन्न जातका कादोजन्य बालीको प्रदर्शनी पनि राखिएको थियो । सोही अवसरमा दूतावासद्वारा आयोजित ‘फोटो च्यालेन्ज’ का विजेतालाई पुरस्कृत पनि गरियो । सो फोटो प्रतियोगिताका लागि देशभरीबाट धेरै संख्यामा फोटोहरु प्राप्त भएका थिए । प्रतियोगिहरुले अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष मनाएको झल्को दिने फोटो पठाएका थिए । कार्यक्रमपछि आयोजित रात्रिभोजमा सहभागीहरुले स्थानीय रुपमा उब्जाइएको कोदोबाट बनेका परिकारको स्वादको मज्जा लिए ।

६. खाद्य सुरक्षा, पोषण तथा जलवायु सन्तुलनमा कोदोजन्य बालीको महत्वलाई प्रवर्धन गर्न हेतु सन् २०२१ मार्च ५ मा संयुक्त राष्ट्रसंघको महासभाले वर्ष २०२३ लाई अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्षको रुपमा मनाउने घोषणा गरेको थियो । भारतले सहित बंगलादेश, केन्या, नेपाल, नाइजेरिया, रुस र सेनेगलले अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष सम्बन्धि पेश गरेको एक संकल्प प्रस्तावलाई राष्ट्रसंघका ७० भन्दा बढी सदस्य राष्ट्रले समर्थन गरेका थिए ।

७. अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष-२०२३ लाई जनअभियानको रुपमा अघि बढाउन र यो वर्ष भरी देशभित्र र देशबाहिर हुने विभिन्न कार्यक्रम तथा गतिविधिमार्फत भारतलाई कोदोजन्य बालीको थलोको रुपमा स्थापित गर्न भारत सरकारले विभिन्न सरोकारवालासँग हातेमालो गरेको छ ।

८. भारतीय राजदूतावास, काठमाडौंले स्वस्थ एवम् स्वच्छ भविष्यका लागि दिगो कृषि अभ्यासमार्फत भारत र नेपालबीचको बलियो सम्बन्धलाई निरन्तर प्रवर्धन गर्नेछ ।

काठमाडौं

****